वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६३-४४०१७७

पत्र सं: ०८२/०८३

च नं:

मितिः २०८३।०३।३२

## कर संकलन प्रणाली अपडेट सम्बन्धी सार्वजनिक सूचना

वालिङ नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण आदरणीय नगरवासी तथा सेवाग्राही महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नयाँ आर्थिक वर्ष २०८३/०८४ को सुरुवातसँगै यस नगरपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिमका कर तथा गैर-करका नयाँ दररेटहरू स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA - Sub-National Treasury Regulatory Application) सफ्टवेयरमा प्रविष्ट गरी प्रणाली अपडेट गर्नुपर्ने भएको छ। तसर्थ, उक्त प्राविधिक कार्य सम्पन्न गर्नका लागि २०८३ साल साउन ६ गते सम्म यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू (वडा नं. १ देखि १४ सम्म) तथा नगर कार्यपालिकाको कार्यालयमा रहेका राजस्व शाखाबाट प्रवाह गरिने कर संकलन सम्बन्धी सम्पूर्ण कार्यहरू पूर्ण रूपमा स्थगन (बन्द) रहने व्यहोरा विनम्र अनुरोध छ।

कर प्रणालीलाई अझ परिष्कृत र चुस्त बनाउन चालिएको यस प्राविधिक कदमका कारण सेवाग्राही महानुभावहरूमा पर्न जाने असुविधाप्रति वालिङ नगरपालिका हार्दिक क्षमाप्रार्थी छौं।

.............................

जीवन ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत